जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजबिराज दैनिक

वर्ष ३६ अंक ३० २०८३ साल भदौ ५ गते शुक्रबार (21 Aug 2026 Friday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : राहदानी ऐन संशोधन विधेयक. ३ पृष्ठमा : अनलाइन बेटिङ तथा क्रिप्टो ... ३ पृष्ठमा :सुरक्षा परिषद् सुधार्न...

# जापनिज इन्सेफ्लाइटिस रोगबाट संक्रमित दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौ।**

सप्तरीमा जापनिज इन्सेफ्लाइटिस रोगबाट संक्रमित दुई जनाको मृत्यु भएको छ। उक्त रोगबाट संक्रममित तीन जना उपचारपछि निको भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ।

संक्रमितमध्ये राजगढ गाउँपालिका ३ का १४ वर्षीय शिवकुमार रामको साउन २१ गते विराट टिचिङ अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको राजगढ गाउँपालिकाका स्वास्थ्य संयोजक रामचन्द्र यादवले जानकारी दिएका छन्।

यस्तै तिलाठी कोइलाडी १ का ७४ वर्षीय सत्यनारायण यादवको पनि साउन २१ गते बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारका क्रममा मृत्यु भएको हो।

दुबै जनाको उपचारको क्रममा मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख सतिश कुमार यादवले पुष्टि गरेका छन्।




स्वास्थ्य कार्यालय सप्तरीका अनुसार डाक्नेश्वरी नगरपालिका ६ औरहीका २२ वर्षीय नितेश यादव, महादेवा गाउँपालिका २ चकलाकी ११ वर्षीया सुस्मिता राजक, डाक्नेश्वरी नगरपालिका ९ लछनपट्टीकी ६१ वर्षीया कलावती देवी सरदार, राजगढ गाउँपालिका ३ नर्घोका १४ वर्षीय शिवकुमार राम र तिलाठी कोइलाडी गाउँपालिका १ का ७४ वर्षीय सत्यनारायण यादव गरी पाँच जनामा उक्त रोगको संक्रमण पुष्टि भएको थियो।

जसमध्ये डाक्नेश्वरी नगरपालिका ६ का २२ वर्षीय नितेश यादव र सोही पालिकाको वडा नम्बर ९ की ६१ वर्षीया कलावती देवी सरदार तथा महादेवा गाउँपालिका २ का ११ वर्षीय सुष्मिता राजक उचारपछि निको भएर डिस्चार्ज भएको स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख यादवले जानकारी दिए।

# पर्व त्यौहारको आगमनसँगै झाँपको कारोबार बढ्यो



**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौ।**

पर्व त्यौहारको आगमन भईरहेको बेला अहिले सप्तरीमा झाँपको कारोबार फष्टाएको छ।

पर्व, त्यौहार, विहेबारी तथा कूल देउताको पुजामा बढी प्रयोग हुने झाँपको माग बढ्दै गएपछि सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ७ मंसापुरका उमेश कुमार माली र उनका परिवार दिनभर मात्र नभएर राति समेत खट्ने गरेको छन्।

पर्व त्यौहारमा अत्याधिक प्रयोग गरिने हस्तकला निर्मित झाँप बनाउन उनको परिवार ब्याई नभ्याई छ। पर्व त्यौहारको आगमन सँगै अडर आउने क्रम बढ्दै गएकाले पुरै परिवार अहिले झाँप बनाउन व्यस्त छन्।

पुर्ख्यौली पेशालाई निरन्तरता दिएको बताएका उनले यसै पेशाबाट परिवारको गुजारा र सन्तानको शिक्षा दिक्षामा खर्च गरी बार्षिक चार देखि पाँच लाख रुपैयाँ सम्म बचत गर्ने गरेको उनको भनाई छ।

यही पेशाबाट भएको आम्दानीबाट केही दिन अघि मात्र उनले एउटा मोटरसाईकल समेत किनेका छन्। गाउँघरबाट आउने अडर अनुसार सोही मोटरसाइकल चढेर घरघरमा समेत झाँप पुऱ्याउने गरेको उनी बताउँछन्।

कोढला, सन्ठी, सादा र रंगीन कागज, धागो, सुतली र विभिन्न रंगको मिश्रणले बनाईने झाँप विभिन्न साईजमा बनाईने तथा साईज अनुसार एक सय देखि एक हजार पाँचसय रुपैयाँ सम्ममा बिक्रि हुने गरेको उनले बताए।

अडर बढी आउन थालेको तथा एउटा झाँप बनाउन करिब तीन घण्टा समय लाग्ने गरेकाले अहिले ८० वर्षीय बुवा रामाधिन, ७५ वर्षीया आमा चन्द्रा देवी र ३५ वर्षीया श्रीमती मालती सबै मिलेर

*बाँकी तीन पृष्ठमा*

# तीन सय किलो गाँजा बरामद

**दैनिक समाचारदाता**
**सर्लाही, ४ भदौ।**

सर्लाहीको कौडेनाबाट प्रहरीले ठूलो परिमाणमा लागूऔषध गाँजा बरामद गरेको छ।

प्रहरीले कौडेना गाउँपालिका-१, लक्ष्मीपुरस्थित बाँसघारी नजिकै गँहुको भुस राख्न बनाएको बाँसको कच्ची घरबाट तीन सय किलो गाँजा बरामद गरेको हो।

विशेष सूचनाको आधारमा पुगेको प्रहरी टोलीले ३० वटा पोकामा लुकाइराखेको गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए।

गाँजा बरामद भएको उक्त बाँसको कच्ची घर स्थानीय विजय पटेलको रहेको खुलेको छ। घरधनी पटेल भने फरार रहेकाले उनको खोजी तथा बरामद लागूऔषधको बारेमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको हो।

# सात हजार कुखुराको ‘पोष्टमार्टम’ : १० रोग पहिचान

चितवन, ४ भदौ (रासस)।

यहाँ रहेको राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशालाले एक वर्षमा सात हजार कुखुराको शरीरभित्रको रोग पत्ता लगाउन ‘पोष्टमार्टम’ गरेको छ। चितवनसहित १६ जिल्लाका कुखुरापालक किसानका ती कुखुराको पोष्टमार्टम गरी रोग पहिचान गरिएको हो।

प्रयोगशालाका प्रमुख डा विजयकुमार श्रेष्ठका अनुसार पोष्टमार्टम गरिएका कुखुरामा विभिन्न प्रकारका रोग देखिएको थियो। प्रयोगशालाले पोष्टमार्टमबाहेक रोग पहिचानको काम गरेको छ। एक हजार ५०० कुखुराको नमुना परीक्षणका क्रममा कुखुरामा १० रोग देखिएको उहाँले जानकारी दिनुभयो। परीक्षणका क्रममा २२ प्रतिशत कुखुरामा इकोलाई, १३ प्रतिशतमा गम्बारो, नौ प्रतिशतमा कुखुरामा घ्यारघ्यारको रोग (सिआरडी) देखिएको उहाँले बताउनुभयो। ढुसीजन्य रोगका नौ प्रतिशत, सिसिआरडी चार प्रतिशत, साल्मोनेलोसिस तीन दशमलव पाँच प्रतिशतमा देखिएको छ।

यस्तै, एभिएन ‘इन्फ्लुएन्जा’, कुखुराको हैजा, आइबी र रानीखेतको सङ्क्रमण देखिएको हो। द्रुत परीक्षणका क्रममा २७८ वटा नमुना परीक्षणका क्रममा ४७ वटामा एभिएन इन्फ्लुएन्जा सङ्क्रमण देखिएको छ। एक सय ७६ वटा गम्बारो परीक्षणका क्रममा १०९ मा सङ्क्रमण देखिएको छ। उनान्सय वटाको रानीखेत परीक्षण गर्दा सात वटामा रोग देखिएको छ भने ४६ वटा आइबी परीक्षणका क्रममा दुई वटामा सङ्क्रमण देखिएको उहाँले बताउनुभयो।

यसैगरी, ३६९ वटाको पिएटी विधिबाट नमुना परीक्षणका क्रममा १२ वटामा साल्मोनेला, ३६० वटा नमुना परीक्षणका क्रममा १६ वटामा माइकोप्लाजमा, १८४ वटाको इलाइजा परीक्षणका क्रममा ३८ वटामा माइकोप्लाजमा र १८४ वटाको परीक्षणका क्रममा ९२ वटामा चिकेन इन्फेक्सस एनेमिया भाइरस ( सिआइएभी) सङ्क्रमण देखिएको उहाँले जानकारी दिनुभयो। नौ

*बाँकी अन्तिम पृष्ठमा*

**आत्महत्या समस्याको समाधान होइनः**

आत्महत्याका प्रमुख कारणः
- मानसिक तनाव, डिप्रेशन, एक्लोपन वा निराशा,
- हिंसा, पारिवारिक झगडा वा सम्बन्ध बिच्छेद र प्रेममा असफलता,
- गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत।

रोकथामका लागिः
- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्याका बारेमा खुलेर कुरा गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं।

"एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समस्याको समाधान खोजौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### लामखुट्टेबाट बचौं र बचाऔं

विश्व लामखुट्टे दिवस नेपालमा 'सानो टोकाइ, ठूलो चुनौती' भन्ने नाराका साथ विविध कार्यक्रम आयोजना गरि मनाइएको छ। लामखुट्टेको टोइकाइबाट उत्पन्न हुने रोगबाट बच्न तथा यसबारे जनचेतना फैलाउन यो दिवस मनाइन्छ। लामखुट्टेको टोकाइबाट औंलो, डेङ्गु, चिकन गुनिया, कालाजार, स्क्रब टाइफस, हात्तीपाइले, जापनिज इन्सेफलाइटिसजस्ता रोगहरू लाग्दछ। नेपालमा हालसम्म १६८ प्रजातिका लामखुट्टे भेटिएको पुष्टि भएको छ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभागका अनुसार नेपालमा गत आवमा ती रोगबाट करिब १८ हजार ७१० जना प्रभावित भएका थिए। पछिल्लो समय जलवायु परिवर्तनका असरका कारण उच्च हिमाली भेगमासमेत लामखुट्टेको टोकाइबाट हुने रोगको जोखिम उच्च हुँदै गएका छन्। विभागले सातवटै प्रदेशमा कीटजन्य रोग नियन्त्रणका लागि प्रयोगशाला स्थापना गरेर विभिन्न काम गरिरहेको जनाएको छ। पछिल्लो समय कीटजन्य रोग ५६ जिल्लामा देखा परिसकेको छ।

तसर्थ लामखुट्टेको टोकाइबाट बच्न राती झुल लगाएर सुत्ने, घरवरिपरी सरसफाई तथा पानी जम्ने स्थानमा औषधी छर्कने, शरीर ढाकिने गरि लुगा लगाउने जस्ता उपाय अपनाउनु जरुरी छ।

### बाढी/पहिरोबाट सतर्क रहौं।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।

– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।

– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।

– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।

– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।

– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

# राहदानी ऐन संशोधन विधेयक : के-के बदलिँदैछन् ?

काठमाडौँ, ४ भदौ (रासस)।

सरकारले राहदानीसम्बन्धी विद्यमान कानुनी व्यवस्थालाई समयसापेक्ष बनाउन 'राहदानी ऐन, २०७६' लाई संशोधन गर्न बनेको विधेयक, २०८३' सङ्घीय संसद्मा प्रस्तुत गरेको छ। विधेयकले राहदानी जारी गर्ने प्रक्रियादेखि कूटनीतिक तथा विशेष राहदानीको प्रयोग, विदेशमा रहेका नेपालीलाई राहदानी उपलब्ध गराउने व्यवस्था, राहदानी रोक्का तथा रद्द गर्ने आधार र राहदानी दुरूपयोगमा हुने सजायसम्मका विषयमा महत्वपूर्ण परिवर्तन प्रस्ताव गरेको छआस।

परराष्ट्र मन्त्रालयका अनुसार विश्वव्यापीकरणसँगै रोजगारी, अध्ययन, व्यापार-व्यवसाय तथा अन्य प्रयोजनका लागि विदेश जाने नेपालीको सङ्ख्या बढिरहेको अवस्थामा राहदानीसम्बन्धी कानुनलाई अन्तरराष्ट्रिय मान्यताअनुकूल बनाउन संशोधन आवश्यक भएको हो। विधेयकको अर्को प्रमुख उद्देश्य राहदानी वितरणलाई सेवाग्राहीमैत्री बनाउनु तथा राहदानी जारी नगर्ने, रोक्का राख्ने वा रद्द गर्ने प्रक्रियामा रहेको द्विविधा हटाउनु रहेको छ।

**विदेशमा रहेका नेपालीका सहज बनाउने प्रस्ताव**

विधेयकको महत्त्वपूर्ण पक्ष विदेशमा रहेका नेपाली नागरिकलाई राहदानी सेवा उपलब्ध गराउने व्यवस्थासँग सम्बन्धित छ। प्रस्तावित व्यवस्थाअनुसार विदेशमा रहेका नेपालीको जैविक विवरणसहितको राहदानी आवेदन सङ्कलन गर्न परराष्ट्र मन्त्रालयले निजी क्षेत्र वा अन्य संस्थामार्फत समेत व्यवस्था मिलाउन सक्नेछ। यसबाट विदेशमा रहेका नेपालीलाई राहदानीका लागि आवेदन दिन सहज हुने सरकारको अपेक्षा छ।

हाल राहदानीका लागि विभाग, नेपाली नियोग वा जिल्ला प्रशासन कार्यालयलगायतका निकायमार्फत आवेदन दिने व्यवस्था रहेकामा विधेयकले आवेदन सङ्कलन गर्ने निकायलाई थप व्यवस्थित र जिम्मेवार बनाउने प्रस्ताव गरेको छ। विभागबाहेक अन्य निकायमा आवेदन परेमा त्यस्तो निकायले आवश्यक जाँचबुझ गरी विभागमा राहदानी जारी गर्न सिफारिस गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। विभागले आफ्नो अभिलेखसँग विवरण भिडाएर राहदानी जारी गर्नेछ।

**आवेदन दिएकोभन्दा फरक स्थानबाट पनि राहदानी लिन सकिने**

विधेयकले राहदानी वितरणमा पनि केही लचकता ल्याउने प्रस्ताव गरेको छ। राहदानीका लागि नेपाली नियोगमा आवेदन दिएको तर राहदानी प्राप्त गर्नुअघि आवेदक नेपाल फर्किएको अवस्थामा विभागबाट राहदानी वितरण गर्न सकिनेछ। त्यसैगरी नेपालमा आवेदन दिएर राहदानी प्राप्त गर्नुअघि विदेश गएको अवस्थामा सम्बन्धित नेपाली नियोगबाट राहदानी वितरण गर्न बाधा नपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसले आवेदन दिएको स्थानमै अनिवार्य रूपमा पुगेर राहदानी लिनुपर्ने अवस्थाबाट सेवाग्राहीलाई केही राहत दिने देखिन्छ।

**राहदानी रोक्का वा जारी नगर्ने आधार थप स्पष्ट**

विधेयकले राहदानी जारी नगर्ने वा रोक्का राख्ने अवस्थालाई पनि विस्तृत रूपमा परिभाषित गरेको छ। राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, अपहरण, लागुऔषध ओसारपसार, अवैध हातहतियार कारोबार, सङ्गठित अपराध तथा आतङ्कवादसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको अवस्थामा अनुसन्धान अधिकारीको सिफारिसमा राहदानी जारी नगर्न वा रोक्का राख्न सकिने प्रस्ताव छ।

त्यस्तै, गम्भीर फौजदारी कसुरमा अदालतमा मुद्दा चलिरहेको अवस्था, अदालतको आदेश, नेपाल सरकार वा अदालतबाट विदेश जान रोक लगाइएको अवस्था तथा राहदानी जारी गर्ने निकायले आधार र कारणसहित निर्णय गरेको अवस्थामा समेत राहदानी रोक्का राख्न सकिने प्रस्ताव छ। विदेशी मुलुकमा शरणार्थीको दर्जा प्राप्त गरेको वा शरणार्थीका लागि आवेदन दिएको व्यक्तिको राहदानीसम्बन्धी व्यवस्था पनि विधेयकमा राखिएको छ। तर यस्तो अवस्थामा पनि यात्रा अनुमतिपत्र जारी गर्न बाधा नपर्ने स्पष्ट गरिएको छ।

**रोक्का गरिएको राहदानीबारे तीन दिनभित्र जानकारी**

विभागले कुनै कारणले राहदानी जारी गर्न नसक्ने भए सम्बन्धित आवेदकलाई तीन दिनभित्र जानकारी दिनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। त्यस्तै, अनुसन्धान वा अदालतसम्बन्धी कारणबाट रोक्का राखिएको अवस्थामा अदालतबाट राहदानी जारी गर्न आदेश भएमा राहदानी जारी गर्न सकिने व्यवस्था पनि प्रस्ताव गरिएको छ। मुद्दामा सफाइ पाएमा वा दोषी ठहर भएको अवस्थामा कानुनबमोजिम सजाय भुक्तान गरेपछि समेत राहदानी जारी गर्न सकिने व्यवस्था विधेयकमा छ।

**नक्कली कागजात प्रयोग गरेर राहदानी लिनेहरूमाथि कडाइ**

विधेयकले नक्कली वा कीर्ते कागजात प्रयोग गरी राहदानी लिने, अरूको नाममा राहदानी लिने, दोहोरो नागरिकता वा परिचयपत्र प्रयोग गर्ने तथा आफ्नो राहदानी अरूलाई प्रयोग गर्न दिने कार्यलाई कसुरका रूपमा स्पष्ट गरेको छ। त्यस्तै, राहदानीमा अधिकारप्राप्त अधिकारीबाहेक अन्य व्यक्तिले विवरण परिवर्तन गर्ने, झुट्टा विवरण पेस गरी राहदानी प्राप्त गर्ने र जुन प्रयोजनका लागि राहदानी जारी भएको हो। त्यसबाहेक अन्य प्रयोजनमा प्रयोग गर्ने कार्यलाई समेत कसुर मानिने प्रस्ताव गरिएको छ।

**राहदानी दुरूपयोग गरे पाँच लाखसम्म जरिवाना र तीन वर्षसम्म कैद**

प्रस्तावित सजायसम्बन्धी व्यवस्थाले राहदानी दुरूपयोगमा तुलनात्मक रूपमा कडा दण्डको प्रस्ताव गरेको छ। नक्कली वा कीर्ते परिचयपत्र प्रयोग गर्ने, अरूको नामको वा दोहोरो परिचय प्रयोग गर्ने, आफ्नो राहदानी अरूलाई प्रयोग गर्न दिने, अरूको राहदानी बदनीयतपूर्वक नियन्त्रणमा राख्ने, राहदानीको निर्धारित प्रयोजनबाहेक प्रयोग गर्ने वा ऐनविपरीत बदनियतपूर्वक अन्य कार्य गर्ने कसुरमा रु दुई लाख देखि रु पाँच लाखसम्म जरिवाना वा एक वर्षदेखि तीन वर्षसम्म कैद वा दुवै सजाय हुने प्रस्ताव छ।

एक वर्षभन्दा बढी जन्म मिति फरक पारेर राहदानी लिने कसुरमा रु १० हजार जरिवाना, झुट्टा विवरण पेस गरी राहदानी प्राप्त गर्ने कसुरमा रु एक लाखदेखि दुई लाखसम्म जरिवाना र ऐनविपरीत बदनयीतपूर्वक अन्य कार्यमा रु ३० हजारदेखि एक लाखसम्म जरिवाना प्रस्ताव गरिएको छ।

**कूटनीतिक र विशेष राहदानीको दायरा स्पष्ट**

विधेयकले कूटनीतिक तथा विशेष राहदानी कसलाई र कुन आधारमा जारी गर्ने भन्ने प्रक्रियालाई थप स्पष्ट गर्न खोजेको छ। कूटनीतिक राहदानी सरकारी कामका लागि विदेश भ्रमण गर्ने तोकिएका पदाधिकारी, कर्मचारी वा विशिष्ट व्यक्तिलाई सम्बन्धित निकायको सिफारिसका आधारमा विभागले जारी गर्ने प्रस्ताव छ।

सङ्घीय संसद्, नेपाल सरकार, सर्वोच्च अदालत वा संवैधानिक निकायको निर्णयअनुसारको सिफारिस तथा प्रदेश सरकार वा स्थानीय तहको निर्णयअनुसार मनोनयन भएका व्यक्तिका हकमा सम्बन्धित मन्त्रालयको सिफारिसका आधारमा राहदानी जारी गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

विशेष राहदानीको हकमा पनि सरकारी कामका लागि विदेश जाने तोकिएका पदाधिकारी, कर्मचारी वा विशिष्ट व्यक्तिलाई समान प्रकारको सिफारिस प्रक्रियाबाट राहदानी जारी गर्ने प्रस्ताव छ।

**कूटनीतिक राहदानी लिएर निजी भ्रमण गर्न पाउने सीमा**

विधेयकले कूटनीतिक तथा विशेष राहदानीको प्रयोगलाई समेत सीमित गर्न खोजेको छ यस्तो राहदानी सरकारी कामको सिलसिलामा विदेश भ्रमणबाहेक सामान्य रूपमा प्रयोग गर्न नपाइने प्रस्ताव छ। तर सरकारी भ्रमणमा जाँदा नेपाल नफर्किएसम्म भ्रमण कार्यक्रमबाहेक बढीमा ३० दिनसम्म व्यक्तिगत भ्रमण गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ।

विदेशस्थित नियोगमा कार्यरत कर्मचारीले नियोगबाट रमाना लिएर नेपाल नफर्किएसम्म बढीमा ९० दिनसम्म व्यक्तिगत भ्रमण गर्न सक्ने प्रस्ताव छ। सरकारी पदबाट मुक्त वा निलम्बित भएपछि कूटनीतिक वा विशेष राहदानी निश्चित अवधिभित्र विभागमा बुझाउनुपर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ। तर तोकिएको सार्वजनिक पद धारण गरिरहेको व्यक्तिले तोकिएको अवधिसम्म यस्तो राहदानी आफूसँग राख्न सक्नेछ।

**कूटनीतिक राहदानीको मर्यादा कायम गर्नुपर्ने**

विधेयकले कूटनीतिक तथा विशेष राहदानी प्रयोगकर्तालाई आफ्नो पदको गरिमा कायम राख्न र नेपालको प्रतिष्ठामा प्रतिकूल असर नपर्ने गरी राहदानी प्रयोग गर्नुपर्ने दायित्व प्रस्ताव गरेको छ। नेपाल सरकारले कूटनीतिक, विशेष वा सर्भिस राहदानी जुनसुकै बेला फिर्ता लिन वा रद्द गर्न सक्ने व्यवस्था पनि राखिएको छ।

**अस्थायी राहदानीको नयाँ व्यवस्था**

विधेयकले अस्थायी राहदानीलाई राहदानीको छुट्टै प्रकारका रूपमा समेटेको छ। विद्यमान ऐनमा रहेको व्यवस्थालाई विस्तार गर्दै विभागले निश्चित अवस्थाहरूमा दुई वर्ष अवधिको अस्थायी राहदानी जारी गर्न सक्ने प्रस्ताव गरिएको छ।

आवेदक स्वयं सम्बन्धित निकायमा उपस्थित हुन नसक्ने अवस्था, विदेशमा रहेका नेपाली नागरिकका १६ वर्ष उमेर पुगेका तर नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न नसकेका सन्तान र विशेष अवस्थामा आवश्यक कागजात बनाउन नसकेका व्यक्तिका लागि यस्तो राहदानी जारी गर्न सकिने प्रस्ताव छ।

**विदेशमा जन्मिएका नेपाली सन्तानका लागि राहदानीको बाटो**

विदेशमा जन्मिएका नेपाली नागरिकका सन्तानका लागि पनि विधेयकले विशेष व्यवस्था प्रस्ताव गरेको छ। विदेशमा रहेका नेपाली बाबुबाट जन्मिएका सन्तान, नेपाली आमा र विदेशी बाबुबाट विदेशमा जन्मिएका सन्तान तथा नेपाली आमा विदेशमा रहेका बेला जन्मिएका र बाबु पत्ता नलागेका सन्तानका हकमा विशेष प्रक्रियाबाट राहदानी जारी गर्न सकिने प्रस्ताव छ।

यस्ता अवस्थामा सम्बन्धित नेपाली नियोगले जन्मदर्ता वा अस्थायी दर्ता गरी दिएको दर्ता नम्बरलाई नाबालक परिचयपत्र वा राष्ट्रिय परिचयपत्रको स्थानमा प्रयोग गरी राहदानीका लागि आवेदन दिन सकिने प्रस्ताव गरिएको छ। यस्तो अवस्थामा विभागले आवश्यक जाँचबुझ गरी पाँच वर्ष बहाल रहने साधारण राहदानी जारी गर्न सक्नेछ। विधेयकले भने नेपालको प्रचलित कानुनअनुसार नाबालक परिचयपत्र प्राप्त गर्ने योग्यता नै नपुगेको नाबालकको नाममा राहदानी जारी गर्न नपाइने पनि स्पष्ट गरेको छ।

**राहदानीको म्याद बाँकी छँदै नयाँ राहदानी**

विधेयकले राहदानीको म्याद सकिन बाँकी रहेकै अवस्थामा पनि निश्चित परिस्थितिमा नयाँ राहदानी

*बाँकी तीन पृष्ठमा*

# अनलाइन बेटिङ तथा क्रिप्टो कारोबारमा संलग्नमाथिको कारबाही तीव्र

काठमाडौं, ४ भदौ (रासस)।

सत्र करोड ७९ लाखभन्दा बढी क्रिप्टोकरेन्सी कारोबार गर्ने चिनियाँ नागरिक ३५ वर्षीय भु यी फेइङ गत चैत १९ गते काठमाडौंको ठमेलबाट पक्राउ परे। रु तीस लाख ४९ हजार ७३६ बराबरको क्रिप्टोकरेन्सी कारोबार गर्ने बङ्गलादेशी नागरिक २९ वर्षीय मोहम्मल शेहाबुल इस्लाम गत चैत ११ गते पक्राउ परे।

यस्तै क्रिप्टोकरेन्सी कारोबारमा सङ्लग्न काठमाडौंको नागार्जुन नगरपालिका-८ भीमढुङ्गा बस्ने २८ वर्षीय सागर गिरी र २८ वर्षीय प्रमोदप्रसाद धिताल गत चैत २ गते पक्राउ परे।

प्रविधिको तीव्र विकास एवं सहज पहुँचसँगै यसको दुरूपयोगबाट हुने आपराधिक घटना पनि दिनानुदिन बढ्दै गइरहेको छ। पछिल्लो समय अनलाइन बेटिङ र क्रिप्टोकरेन्सीका कारोबार बढिरहेको हुँदा त्यस्ता किसिमका गतिविधि नियन्त्रण गरी संलग्नलाई कानुनी दायरामा ल्याउन प्रहरीले विशेष अभियान नै सञ्चालन गरेको छ।

आर्थिक वर्ष २०८२/०८३ मा अनलाइन बेटिङमा संलग्न ४८ जना पक्राउ परे। जसमध्ये २६ जना विदेशी नागरिक र २२ जना स्वदेशी नागरिक छन्। यस्तै आर्थिक वर्ष २०८१/०८२ मा अनलाइन बेटिङमा संलग्न ९३ विदेशी नागरिकसमेत गरी जम्मा १४८ जना पक्राउ परेका थिए। आर्थिक वर्ष २०८०/०८१ मा अनलाइन बेटिङमा संलग्न १३ जना विदेशी नागरिकसमेत ६२ जना पक्राउ परेका थिए।

आव २०८२/०८३ मा क्रिप्टोकरेन्सीमा संलग्न ४२ जना पक्राउ परे। जसमध्ये ७ जना विदेशी नागरिक र ३५ जना स्वदेशी नागरिक छन्। यस्तै आर्थिक वर्ष २०८१/०८२ मा क्रिप्टोकरेन्सीमा संलग्न ४५ विदेशी नागरिकसमेत गरी जम्मा ११७ जना पक्राउ परेका थिए। आर्थिक वर्ष २०८०/०८१ मा क्रिप्टोकरेन्सीमा संलग्न ५ जना विदेशी नागरिकसहित १० जना पक्राउ परेका थिए।

विशेषगरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलकुद प्रतियोगिता भइरहेको अवस्थामा विभिन्न अनलाइन बेटिङ प्लेटफर्महरू धेरै सक्रिय हुने गरेको अनुसन्धानका क्रममा पाइएको छ। केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले अनलाइन बेटिङ नेटवर्क एवं क्रिप्टोकरेन्सी कारोबार नियन्त्रण गर्न सूचना सङ्कलन र निगरानीलाई विशेष प्राथमिकतामा राखी प्रहरीले काम गर्दै आइरहेको बताउनुहुन्छ।

"सट्टाबाजी हुने सम्भावित स्थान, गिरोह र व्यक्तिको बारेमा गोप्य सूचना सङ्कलन, अनलाइन सट्टाबाजी (विशेष गरी खेलकुद बेटिङ) मा संलग्न नेटवर्कको डिजिटल निगरानी एवं बैंकिङ तथा डिजिटल वालेटमार्फत हुने कारोबारको निगरानीमा समेत प्रहरीले थप संवेदनशील भई कार्य गर्दै आइरहेको छ", उहाँले भन्नुभयो।

अनलाइन बेटिङ साइबर अपराध, ठगी र हुण्डीसँग पनि जोडिएको हुन्छ। यस्तो कसुरमा मानिसलाई उत्सुक/तयारी गर्न सामाजिक सञ्जालको प्रयोग गरिन्छ र यसकै माध्यमबाट ठगी गर्ने तथा हुण्डी कारोबारलाई पनि बढवा दिने गरेको भेटिएको छ।

मुलुकी अपराध संहिता, २०७४, मा सट्टाबाजीसम्बन्धी कसुरमा मुद्दा दर्ता भएमा प्रयोग भएको बिगो जफत गरी कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र रु १० हजारसम्म जरिवाना हुने व्यवस्था छ।

यस्तै क्रिप्टोकरेन्सीमा संलग्नलाई मुलुकी अपराध संहिता (संशोधन सहित), २०७४ मा अभौतिक मुद्राको प्रयोग गर्न नहुनेसम्बन्धी कसुर, बिगो र सो बाट बढे वा बढाएको सम्पत्तिसमेत जफत गरी पाँच वर्षसम्म कैद र बिगोबमोजिम जरिवाना हुने व्यवस्था छ।

### *पर्व त्यौहारको...*

झाँप बनाउन व्यस्त हुने गरेको उनले सुनाए।

नेपालमा झाँपका सामाग्री कोढला र सन्ठी थोरै उत्पादन हुने तथा महँगो पर्ने भएकाले भारत विहार राज्यको अररिया सहरबाट आयात गर्ने गरेको उनले बताए।

मंसापुर चौकमा अम्बिकेश एण्ड अमरेश जनरल स्टोर नामक पसल समेत खोलेर उनी झाँपको कारोबार गर्दै आएका छन्। सानै उमेर देखि विभिन्न साइज र आकर्षक कलाकृती सहितको रंगरोगन गरेर झाँप बनाउने काम गर्दै आएका उमेशले यो पुर्खौली पेशा भएको बताए। सप्तरीमा झाँप बनाउने र बिक्री गर्ने करिब पाँच दर्जन भन्दा बढी पसल छन्।

### *राहदानी ऐन ...*

जारी गर्न सकिने व्यवस्था विस्तार गरेको छ। राहदानी पुरानो भएर पढ्न नसकिने, च्यातिएको वा झुत्रो भएको, विवरणमा त्रुटि भएको, पाना भरिएको, महिलाको थर परिवर्तन भएको वा विभागमा तयार भइसकेको राहदानी वितरण हुनुअघि हराएको वा नासिएको अवस्थामा नयाँ राहदानी जारी गर्न सकिने प्रस्ताव छ। नाबालकले १६ वर्ष उमेर पुगेपछि नयाँ राहदानी लिन चाहेमा समेत यस्तो व्यवस्था लागू हुने प्रस्ताव छ।

**राहदानी रद्द गर्ने अधिकार थप निकायसम्म**

राहदानी रद्द गर्ने प्रक्रियामा पनि परिवर्तन प्रस्ताव गरिएको छ। विभाग र नियोगबाहेक जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय वा नेपाल सरकारले तोकेको अन्य निकायलाई समेत निश्चित अवस्थामा राहदानी रद्द गर्ने प्रक्रियामा समेट्ने प्रस्ताव छ।

नक्कली, कीर्ते, अरूको नामको वा दोहोरो नागरिकता, राष्ट्रिय परिचयपत्र वा नाबालक परिचयपत्र प्रयोग गरी राहदानी प्राप्त गरेको अवस्थामा राहदानी रद्द गर्न सकिनेछ। अधिकारप्राप्त अधिकारीबाहेक अन्य व्यक्तिले राहदानीको विवरण परिवर्तन गरेमा पनि राहदानी रद्द गर्न सकिने प्रस्ताव छ। रद्द गरिएको राहदानीको सक्कलप्रति विभागमा उपलब्ध हुन नसकेमा त्यसबारे इन्टरपोललाई जानकारी दिनुपर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ।

**आवेदनमा सक्कल कागजातको बाध्यता हटाउने**

विधेयकले राहदानी आवेदन प्रक्रियामा पनि केही सरलीकरण प्रस्ताव गरेको छ। नागरिकताको प्रमाणपत्र तथा राष्ट्रिय परिचयपत्रको सक्कल र प्रतिलिपि बुझाउनुपर्ने व्यवस्थाको सट्टा सम्बन्धित प्रमाणपत्र मात्र पेस गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसको उद्देश्य आवेदन प्रक्रियालाई सरल बनाउनु रहेको विधेयकको व्याख्यात्मक टिप्पणीमा उल्लेख छ।

**थप आर्थिक भार नपर्ने**

विधेयकमा सरकारले विद्यमान संरचनाकै उपयोग गरेर प्रस्तावित व्यवस्था कार्यान्वयन गर्न सकिने भएकाले राज्यलाई थप आर्थिक दायित्व नपर्ने दाबी गरेको छ। राहदानी प्राप्त गर्ने प्रक्रिया थप सहज र सरल हुने तथा ऐन संशोधनका कारण नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने आर्थिक टिप्पणीमा उल्लेख छ।

**समग्रमा के बदलिन्छ ?**

प्रस्तावित विधेयकलाई हेर्दा यसको मुख्य उद्देश्य राहदानीलाई केवल विदेश यात्राका लागि आवश्यक कागजातका रूपमा व्यवस्थापन गर्नु मात्र नभई राहदानी जारी गर्ने, वितरण गर्ने, रोक्का राख्ने, रद्द गर्ने र दुरूपयोग नियन्त्रण गर्ने सम्पूर्ण प्रणालीलाई थप स्पष्ट र व्यवस्थित बनाउनु देखिन्छ।

विशेषगरी विदेशमा रहेका नेपालीका लागि जैविक विवरण सङ्कलनको वैकल्पिक व्यवस्था, आवेदन गरेको स्थानभन्दा फरक स्थानबाट राहदानी वितरण गर्न सकिने प्रावधान, अस्थायी राहदानीको स्पष्ट व्यवस्था तथा विदेशमा जन्मिएका नेपाली सन्तानका लागि विशेष राहदानी प्रक्रियाले विदेशमा रहेका नेपालीलाई प्रत्यक्ष प्रभाव पार्न सक्छन्।

अर्कोतर्फ, राहदानीको दुरूपयोग, नक्कली कागजात, अरूको राहदानी प्रयोग तथा राहदानीमा अनधिकृत रूपमा विवरण परिवर्तन गर्ने कार्यलाई स्पष्ट कसुर बनाएर आर्थिक जरिवाना र कैदको व्यवस्था प्रस्ताव गरिएकाले राहदानीको दुरूपयोग नियन्त्रणतर्फ पनि विधेयकले जोड दिएको छ। यस अर्थमा विधेयक पारित भएमा नेपालको राहदानी व्यवस्थापन प्रणालीमा सेवा प्रवाह, विदेशमा रहेका नेपालीको पहुँच, कूटनीतिक तथा विशेष राहदानीको प्रयोग र दुरूपयोग नियन्त्रणसम्बन्धी कानुनी आधारमा महत्वपूर्ण परिवर्तन आउनेछ। यद्यपि, विधेयक संसद्बाट पारित भइ कार्यान्वयनमा नआएसम्म यी प्रस्तावहरू विद्यमान कानुनका बाध्यकारी व्यवस्था भने होइनन्।

**विश्वव्यापीकरण सुहाउँदो राहदानी ऐन संशोधन हुँदैछः परराष्ट्रमन्त्री**

परराष्ट्रमन्त्री शिशिर खनालले मौजुदा राहदानी ऐन, २०७६ मा रहेका व्यवस्था अपुरो भएकाले समयसापेक्ष रूपमा परिमार्जन तथा परिवर्तन गरी ऐन संशोधन गर्नुपर्ने आवश्यकता औंल्याउन भएको छ। उहाँका अनुसार अहिलेको विश्वव्यापीकरणको युगमा नेपालबाट रोजगारी, अध्ययन, व्यापार-व्यवसाय तथा अन्य विभिन्न प्रयोजनका लागि विदेशी मुलुकमा जाने नेपाली नागरिकहरूको सङ्ख्या दैनिक रूपमा बढ्दै गइरहेको आवस्थामा ऐन संशोधन गर्नुपरेको हो।

अन्तरराष्ट्रिय नागरिक उड्यन सङ्गठनका नवीनतम मान्यतालाई सम्बोधन गरी मौजुदा राहदानी ऐन संशोधन गरी जारी गर्नुपर्ने र सोहीअनुसार नियमित र व्यवस्थित गर्नुपर्ने राज्यको दायित्वसमेत सिर्जना भएको मन्त्री खनालको भनाइ छ।

अन्तरराष्ट्रिय मान्यताअनुसार राहदानी जारी गर्नु, अस्थायी, कूटनीतिक तथा विशेष राहदानीसम्बन्धी व्यवस्थालाई स्पष्ट पार्नु, राहदानीको वितरण प्रक्रियालाई सेवाग्राहीमुखी बनाउनु, राहदानी रद्द गर्ने, जारी नगर्ने वा रोक्का राख्ने प्रक्रियालाई स्पष्ट पारी हाल कायम रहेको द्विविधा हटाई सहज र व्यावहारिक बनाउनु, विशेष अवस्थामा विदेशमा रहेका नावालकलाई नियोगद्वारा जारी गरिनुपर्ने अस्थायी राहदानीको विषयमा व्यवहारमा देखिएका समस्याको समाधान गर्नु, कसुर र सजायलाई समयसापेक्ष बनाई राहदानीको दुरूपयोग भए-गरेमा दण्ड-सजायको व्यवस्था गर्नु यस विधेयकका मुख्य उद्देश्य रहेका छन्।

परराष्ट्रमन्त्री खनालका अनुसार वदेश भ्रमणमा जाने नेपाली नागरिकलाई जारी गरिने राहदानीसँग सम्बन्धित विषयलाई नियमित र व्यवस्थित गरी राहदानीसम्बन्धी प्रचलित कानुनलाई संशोधन गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न नयाँ विधेयक पेस गरिएको हो।

## विश्व समाचार

### सुरक्षा परिषद् सुधार्न भारतको माग

न्युयोर्क, ४ भदौ (रासस/एएनआई)।

भारतले संयुक्त राष्ट्र सुरक्षा परिषद् (युएनएससी) को वर्तमान संरचनाले बदलिँदो विश्वको राजनीतिक तथा भूराजनीतिक वास्तविकता प्रतिबिम्बित गर्न नसकेको भन्दै तत्काल सुधार गरी विकासोन्मुख मुलुक र ग्लोबल साउथको प्रतिनिधित्व बढाउन माग गरेको छ। सुरक्षा परिषद्को कार्यविधिसम्बन्धी खुला बहसलाई बुधबार सम्बोधन गर्दै संयुक्त राष्ट्रसङ्घका लागि भारतको स्थायी नियोगकी कार्यवाहक राजदूत योजना पटेलले सन् १९४५ यता विश्वमा ठूलो परिवर्तन आएको र संयुक्त राष्ट्रसङ्घको सदस्य सङ्ख्या चार गुणाले बढिसकेको बताउनुभयो। असी वर्षअघि बनेको संरचनाले वर्तमान विश्वको शक्ति सन्तुलन र आवश्यकतालाई निरन्तर निर्धारण गर्न नसक्ने उहाँको भनाइ थियो।

पटेलले सुरक्षा परिषद्को स्थायी र गैरस्थायी दुवै सदस्यतामा विकासोन्मुख देश तथा ग्लोबल साउथको प्रतिनिधित्व बढाउनुपर्ने भारतको धारणा दोहोऱ्याउनुभयो। स्पष्ट लक्ष्य, माइलस्टोन र समयसीमासहित पाठमा आधारित वार्ताबाट सुधार अघि बढाउनुपर्ने उहाँले बताउनुभयो। उहाँले सुरक्षा परिषद्को कार्यविधि सुधारलाई सदस्यता विस्तार, क्षेत्रीय प्रतिनिधित्व र भिटो अधिकारजस्ता व्यापक सुधारबाट अलग राख्न नहुने बताउनुभयो। परिषद्का प्रक्रियागत नियमहरू अस्थायी प्रकृतिका भएकाले आवश्यकताअनुसार संशोधन गर्न सकिने र तिनलाई सदस्यता विस्तारलगायत सुधारका लागि अवरोधका रूपमा प्रस्तुत गर्न नहुने उहाँको भनाइ थियो। भारतले परिषद्मा पारदर्शिता बढाउन सबै सदस्यलाई कागजात तथा सूचनामा समान पहुँच दिनुपर्ने माग गरेको छ। ऐतिहासिक दस्तावेजमा पहुँच केही सदस्यको मात्र अधिकारका रूपमा सीमित गर्न नहुने पटेलले बताउनुभयो।

शान्तिरक्षा अभियानमा सेना तथा प्रहरी पठाउने देशहरूलाई पनि जनादेश र स्रोतसाधनसँग सम्बन्धित प्रमुख निर्णय प्रक्रियामा सहभागी गराउनुपर्ने भारतको धारणा छ। ती देशहरू सुरक्षा परिषद्का सदस्य नभए पनि शान्तिरक्षा अभियानका प्रत्यक्ष सरोकारवाला भएकाले निर्णय प्रक्रियामा उनीहरूको भूमिका आवश्यक रहेको पटेलले बताउनुभयो। भारतले सुरक्षा परिषद्का सहायक निकायका अध्यक्ष चयनमा हुने ढिलाइ अन्त्य गर्न निश्चित समयसीमा तोक्न पनि आग्रह गरेको छ। यसका लागि अध्यक्ष चयन प्रक्रियालाई समयबद्ध बनाउन नोट ५०७ संशोधन गर्नुपर्ने उहाँले बताउनुभयो। आतङ्कवादको विषयमा परिषद्को सदस्यतालाई राजनीतिक स्वार्थ पूरा गर्ने माध्यम बनाउन नहुने पटेलले स्पष्ट पार्नुभयो। वस्तुगत मापदण्ड र प्रमाणबिना आतङ्कवादीलाई प्रतिबन्धको सूचीबाट हटाउने वा राजनीतिक आधारमा कुनै संस्थालाई आतङ्कवादी सङ्गठनका रूपमा सूचीबद्ध गर्ने प्रयासमा परिषद्को भूमिका प्रयोग गर्न नहुने उहाँको भनाइ थियो। पटेलले सुरक्षा परिषद् र संयुक्त राष्ट्र महासभाबीच समन्वय बलियो बनाउनुपर्नेमा पनि जोड दिनुभयो। महासभालाई संयुक्त राष्ट्रसङ्घको सबैभन्दा विश्वव्यापी र लोकतान्त्रिक अङ्गका रूपमा उल्लेख गर्दै परिषद्को कार्यविधि समीक्षा गरी महासभालगायत अन्य प्रमुख अङ्गसँग सहकार्य बढाउनुपर्ने उहाँले बताउनुभयो।

### अमेरिकी ऋण ४०० खर्ब डलर नाघ्यो

वासिङ्टन, ४ भदौ (रासस/एएफपी)।

अमेरिकी कुल राष्ट्रिय ऋण पहिलोपटक ४०० खर्ब अमेरिकी डलर नाघेको छ। अमेरिकी अर्थ मन्त्रालयले बुधबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार मङ्गलबार कारोबार समाप्त हुँदा सङ्घीय सरकारको कुल ऋण ४०० खर्ब ५० अर्ब डलर पुगेको हो। बढ्दो सरकारी खर्च, ऋणको ब्याज तथा मध्यपूर्वमा जारी युद्धका कारण अमेरिकी ऋण नयाँ कीर्तिमानमा पुगेको हो। यो रकम कङ्गेसनल बजेट कार्यालयले आर्थिक वर्ष २०२६ को अन्त्यसम्म कुल ऋण ३९४ खर्ब डलर पुग्ने गरेको पूर्वानुमानभन्दा समेत बढी हो। ऋण तीव्र रूपमा बढेपछि मुद्रास्फीति, सरकारी खर्च र बढ्दो ब्याज लागतप्रति लगानीकर्ताको चिन्ता थपिएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२४ को निर्वाचन अभियानका क्रममा सरकारी खर्च घटाउने प्रतिबद्धता जनाउनुभएको थियो। तर सामाजिक सुरक्षा र स्वास्थ्य सेवासम्बन्धी दीर्घकालीन दायित्व, ब्याज भुक्तानी तथा रक्षा खर्च उच्च रहेकाले सरकारी ऋण घट्न सकेको छैन। मध्यपूर्वमा जारी युद्धले समेत सरकारमाथि थप आर्थिक दबाब सिर्जना गरेको छ। युद्धमा हालसम्म १८ अमेरिकी सैनिकको मृत्यु भएको र करिब तीन खर्ब ७५ अर्ब डलर सैन्य खर्च भइसकेको जनाइएको छ।

यसैबीच, अमेरिकी प्रतिनिधिसभाले जुलाईमा पेन्टागनका लागि ११ खर्ब ५० अर्ब डलरसम्मको रक्षा बजेट व्यवस्था गर्न सकिने वार्षिक रक्षा नीति विधेयक पारित गरेको थियो। सरकारी खर्च घटाउने उद्देश्यले ट्रम्प प्रशासनले गठन गरेको सरकारी दक्षता विभागले दुई खर्ब १५ अर्ब डलर खर्च कटौती गरेको दाबी गरेको छ। तर स्वतन्त्र पर्यवेक्षकहरूले उक्त तथ्याङ्कमाथि प्रश्न उठाएका छन्। ऋण ४०० खर्ब डलर नाघेपछि दुवै प्रमुख राजनीतिक दलका सांसदले सरकारको बढ्दो खर्चप्रति चिन्ता व्यक्त गरेका छन्। रिपब्लिकन सिनेटर रिक स्कटले खर्च नियन्त्रण गरी बजेट सन्तुलित बनाउन कङ्ग्रेसलाई आग्रह गर्नुभएको छ भने डेमोक्रेटिक सांसदहरूले पनि ट्रम्प प्रशासनको आर्थिक नीतिको आलोचना गरेका छन्। बढ्दो ऋण र युद्ध खर्चका कारण दीर्घकालीन अमेरिकी सरकारी ऋणपत्रको प्रतिफलसमेत बढेको छ। १० वर्षभन्दा लामो अवधिका ट्रेजरी बन्डको प्रतिफल मङ्गलबार सन् २००७ यताकै उच्च तहमा पुगेको थियो। यसले अमेरिकी सरकारले विगतको तुलनामा महँगो दरमा ऋण पुनर्वित्त गर्नुपर्ने जोखिम बढाएको छ।

ब्रुकिङ्स इन्स्टिच्युसनकी बजेट तथा कर विज्ञ जेसिका रिडलले अमेरिकी सरकार केही वर्षयता आर्थिक समृद्धिको अवस्थामा समेत करिब २० खर्ब डलर वार्षिक घाटामा रहेको बताउनुभएको छ। उहाँका अनुसार कुल गार्हस्थ्य उत्पादनको तीनदेखि चार प्रतिशत आसपास रहेको बजेट घाटा अहिले छदेखि सात प्रतिशतको नजिक पुगेकाले वित्तीय बजारमा चिन्ता बढेको छ। विश्लेषकहरूका अनुसार ४०० खर्ब डलरको ऋण आफैँमा आर्थिक सङ्कटको निश्चित सूचक नभए पनि यो वित्तीय बजारका लागि महत्त्वपूर्ण मनोवैज्ञानिक सीमा हो। अत्यधिक ऋणले भविष्यमा अमेरिकी सरकारसँगै उपभोक्ता र व्यवसायका लागि समेत ऋणको लागत बढाउन सक्ने तथा आर्थिक वृद्धिमा दबाब पार्न सक्ने उनीहरूको भनाइ छ। अमेरिकी अर्थ मन्त्रालयले सङ्घीय बजेट घाटालाई कुल गार्हस्थ्य उत्पादनको करिब तीन प्रतिशतमा झार्ने लक्ष्य अघि सारेको छ। तर बढ्दो रक्षा खर्च, सामाजिक दायित्व र ऋणको ब्याज भुक्तानीका कारण उक्त लक्ष्य हासिल गर्नु चुनौतीपूर्ण देखिएको छ।

# सरकारी कार्यालयमा स्वदेशी वस्तुको प्रयोग बढाउन सरकारको आग्रह

काठमाडौँ, ४ भदौ (रासस)।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सबै सरकारी निकायलाई स्वदेशी उत्पादन र सेवाको उपयोगलाई प्राथमिकता दिन आग्रह गरेको छ।

प्रधानमन्त्री बालेन्द्र शाहको निर्देशनमा सबै सरकारी कार्यालयमा सार्वजनिक खरिदसम्बन्धी विद्यमान कानुनी व्यवस्थाकै अधीनमा रही उक्त प्रावधानको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न आग्रह गरिएको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बुधबार एक वक्तव्य जारी गर्दै सङ्घीय मन्त्रालय, आयोग, सचिवालय, प्रदेश सरकार, स्थानीय तह र विदेशस्थित नेपाली नियोगलगायतका सबै सार्वजनिक निकायलाई आफ्ना खरिद प्रक्रियामा नेपाली उत्पादनलाई नै प्राथमिकता दिन अनुरोध गरेको छ।

राष्ट्रिय अर्थतन्त्रमा आन्तरिक उत्पादनको योगदान बढाउन, बढ्दो आयातलाई प्रतिस्थापन गरी स्वदेशी उत्पादनको प्रवर्द्धन गर्न, स्थानीय सीप तथा उद्यमको संरक्षण गर्न र स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्यका साथ सरकारले मौजुदा कानुनी व्यवस्थाको कडाइका साथ पालना गराउन यो पहल गरेको प्रधानमन्त्री कार्यालयका प्रवक्ता हेमराज अर्यालले जानकारी दिनुभयो।

अबदेखि सरकारी कार्यालयका बैठक, समारोह, कोसेली, उपहार र सजावटका सामग्रीमा सम्भव भएसम्म नेपाली हस्तकलाका वस्तु नै प्रयोग गर्नुपर्ने व्यवस्था मिलाउनुपर्नेछ।

यसैगरी, स्टेसनरी, छपाइसम्बन्धी वस्तु, फर्निचर, साजसज्जाका सामान, निर्माण सामग्री, मेसिनरी औजार तथा उपकरण, कृषि र पशुजन्य उत्पादन एवम् खाद्य तथा पेयपदार्थ खरिद गर्दा स्वदेशी उत्पादनलाई नै पहिलो प्राथमिकतामा राख्नुपर्नेछ।

सार्वजनिक खरिद ऐन, २०६३ र अन्य प्रचलित कानुनी व्यवस्थाकै अधीनमा रही सामानको उपलब्धता, गुणस्तर, मूल्य र सुरक्षाको मापदण्ड सुनिश्चित गरेर स्वदेशी मालसामान खरिद गर्नुपर्ने व्यवस्थालाई स्पष्ट पारिएको छ।

साथै, सार्वजनिक निकायले बोलपत्रसम्बन्धी कागजात तयार पार्दा नै स्वदेशी उत्पादनलाई प्राथमिकता दिने विषय अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने छ।

सो व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायका प्रमुखले नियमित रूपमा स्वदेशी वस्तु खरिदको अनुगमन गर्नुपर्नेछ। मन्त्रालयहरूले त्रैमासिक रूपमा यसको निरीक्षण गरी स्वदेशी वस्तुको प्रयोग सुनिश्चित गराउनुपर्नेछ।

# एनसेललाई प्राधिकरणको स्पष्टीकरण : ग्राहकले डाटा नचलाउँदा पनि ब्यालेन्स किन काटेको ?

काठमाडौँ, ४ भदौ (रासस)।

नेपाल दूरसञ्चार प्राधिकरणले सेवाग्राहीले डाटा अफ गरेको बेला पनि 'मेन ब्यालेन्स'बाट रकम काटिएको विषयमा मोबाइल सेवाप्रदायक कम्पनी एनसेल आजियाटा लिमिटेडलाई किन कारबाही नगर्ने ? भन्दै स्पष्टीकरण सोधिएको जनाएको छ।

प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले बुधबार प्राधिकरणमा पत्रकार सम्मेलन गरेर साउन महिनामा भएका महत्वपूर्ण निर्णय सार्वजनिक गर्दै उहाँले एनसेलले ग्राहकहरूले डाटा नचलाउँदा वा डाटा अफ गरेको अवस्थामा 'पे' जी डाटा चार्ज शीर्षकमा स्वचालित रूपमा रकम कटाएको सम्बन्धमा स्पष्टीकरण सोधेको जानकारी दिनुभयो।

"ग्राहकहरूले डाटा नचलाउँदा वा डाटा अफ गरेर राखेको अवस्थामा समेत ग्राहकहरूको मेन ब्यालेन्सबाट स्वचालित रूपमा रकमहरू कटौती हुने समस्या पूर्ण रूपमा तत्काल समाधान गरी स्वचालित रूपमा रकम काटिन नहुने व्यवस्था गरी प्राधिकरणलाई तत्काल जानकारी गराउने निर्देशन दिएका छौँ," प्रवक्ता अर्यालले भन्नुभयो।

प्राधिकरणले दूरसञ्चार ऐन, २०५३ को दफा ४७ (१) अनुसार क्षतिपूर्तिको रूपमा काटिएको रकम ग्राहकलाई फिर्ता लगाउने र हाल त्यस्ता ग्राहक फेला नपरेमा त्यस्तो रकम राज्य कोषमा दाखिला गर्न लगाउने निर्णय गरेको छ।

प्रवक्ता अर्यालले एनसेलले लामो समयदेखि ग्राहकको ब्यालेन्स रकम अनधिकृत रूपमा कटौती हुन दिएको तथा गुनासो समयमै समाधान गर्न चासो दिएको नदेखिएकाले दूरसञ्चार ऐन, २०५३ को दफा (१) बमोजिम किन कारबाही नगर्ने भनेर स्पष्टीकरण माग गर्ने निर्णय भएको भएको जानकारी दिनुभयो।

उहाँले एनसेलले 'पे एस यु गो' डाटा चार्जिङको लगिक/एल्गोरिदमलगायत सम्पूर्ण बिलिङ/चार्जिङ प्रणालीको स्वतन्त्र अडिट गरेर एक महिनाभित्र प्रतिवेदन पेस गर्न निर्देशन दिएको जनाएको छ।

प्राधिकरणले साउन महिनामा पाँच वटा इन्टरनेट( इ-मेल)सहितको सेवाप्रदायक कम्पनीको लागि अनुमतिपत्र नवीकरण गरेको छ। अनुमतिपत्र नवीकरण हुनेमा डिजी लिङ्क नेटवर्क प्रालि, जिशान नेटवर्क प्रालि, वाईफाई नेपाल प्रालि, शिखर नेट प्रालि र युनाइट नेटवर्कस् प्रालि रहेका छन्।

टेलिपोर्ट सेवाको नियम सम्बन्धमा अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुर तोकी स्याटेलाइट अर्थ स्टेशन गेटवे टेलिपोर्ट सेवा खुला गर्न सूचना तथा सञ्चार मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरेको छ।

त्यसैगरी दूरसञ्चार ऐन, २०५३ बमोजिम वर्तिस स्पेश प्रालिलाई नेटवर्क सेवा प्रदायकको अनुमतिपत्र प्रदान गर्ने निर्णय गरेको छ। प्रवक्ता अर्यालले साउन महिनामा ५३ वटा निर्णयमध्ये १४ वटा मुख्य निर्णय भएको बताउनुभयो।

# सार्वजनिक संस्थानका कर्मचारीलाई सर्तसहित तलबभत्ता

काठमाडौँ, ४ भदौ (रासस)।

अर्थ मन्त्रालयले चालु आर्थिक वर्षको साउन १ गतेदेखि लागू हुने गरी बढाइएको तलबमान, ग्रेड र प्रोत्साहनभत्ता विभिन्न सर्तसहित उपलब्ध गराउन दिशानिर्देश गरेको छ।

अर्थ मन्त्रीस्तरीय निर्णयअनुसार चारवटा सर्त पूरा गरी सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, निगम तथा समितिका कर्मचारीलाई तलबभत्ता, ग्रेड र प्रोत्साहनभत्ता उपलब्ध गराउन सम्बद्ध पक्षलाई निर्देशन दिइएको छ।

अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाले मन्त्रिपरिषद्को साउन ६ गतेको निर्णयअनुसार साउन १ गतेदेखि लागू हुनेगरी कायम भएको तलबमानअनुसार तह तथा पदअनुसार नयाँ तलबमान निर्धारण गर्न भनेको छ।

प्रोत्साहनभत्ता प्रकृतिको भत्ता प्राप्त गर्दै आएका कर्मचारीको हकमा हाल कायम प्रोत्साहनभत्ताभन्दा कम हुने भएमा कम भएको रकम बराबरको भत्ता मात्र प्रदान गर्न भनिएको छ।

कार्यसम्पादन सूचकका आधारमा दिइने प्रोत्साहनभत्ताको व्यवस्था क्रमशः कार्यान्वयनमा लैजान पनि आग्रह गरिएको छ। 'हाल खाईपाई आएको ग्रेडभन्दा निजामती सेवातर्फ लागू भएको नयाँ ग्रेडदर कम भएमा मात्र सोही बराबर हुने गरी नयाँ ग्रेड निर्धारण गर्न' आग्रह गरिएको छ।

अर्थ मन्त्रालयको सहमति बिना आर्थिक दायित्व सिर्जना हुने गरी अन्य कुनै किसिमका भत्ता तथा सुविधा वृद्धि नगर्न पनि निर्देशन दिइएको छ। विगतमा भएका परिपत्रलाई ध्यानमा राख्न भनिएको छ।

# साउन महिनामा मात्रै ५७ हजार मेट्रिक टन ग्यास आयात

काठमाडौँ, ४ भदौ (रासस)।

गत साउन महिनामा मात्रै ५७ हजार मेट्रिक टन बढी एलपी ग्यास आयात भएको छ। नेपाल आयल निगमका अनुसार पछिल्लो पाँच महिनामध्ये साउनमा सबैभन्दा बढी ग्यास आयात भएको हो।

निगमका अनुसार गत साउनमा ५७ हजार ३१६ मेट्रिक टन ग्यास आयात भएको छ। गत असारमा ४४ हजार ५४४, जेठमा ३२ हजार ८४२, वैशाखमा ३२ हजार ५६ र चैतमा ३८ हजार ७९९ मेट्रिक टन ग्यास आयात भएको निगमका निर्देशक विनितमणि उपाध्यायले जानकारी दिनुभयो। साउनमा मात्रै देशभर ४० लाख ३६ हजार ३६४ थान सिलिण्डर बिक्री वितरण भएको निगमले जनाएको छ।

असार महिनाका तुलनामा गत साउनमा करिब नौ लाख सिलिण्डर ग्यास बढी बिक्री भएको उहाँले जानकारी दिनुभयो। एलपी ग्यासको आयात तथा बिक्री वितरण आगामी दिनमा पनि निरन्तर हुँदै जाने उल्लेख गर्दै निर्देशक उपाध्यायले आवश्यकताअनुसार ग्यास खरिद गर्न उपभोक्तालाई आग्रह गर्नुभयो।

# शिक्षक-कर्मचारीको पारिश्रमिक वृद्धिः चार अर्ब ६८ करोड चाहिने

काठमाडौँ, ४ भदौ (रासस)।

संघीय अनुदानमा कार्यरत शिक्षक तथा प्रारम्भिक बालविकास (इसिडी) सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक अनुदान वृद्धिको निर्णयसँगै चालु आर्थिक वर्षमा रु चार अर्ब ६८ करोड ९८ लाख ३० हजार थप बजेट आवश्यक पर्ने भएको छ।

मन्त्रिपरिषद्को बुधबारको बैठकले सङ्घीय शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकको साबिक पारिश्रमिक अनुदानमा १० प्रतिशत वृद्धि गर्ने निर्णय थियो।

सो निर्णयपछि अब उक्त कोटाका माध्यमिक तहका शिक्षकको मासिक पारिश्रमिक रु ४३ हजार ६६९ बाट बढेर रु ४८ हजार ५८ पुगेको छ। आधारभूत तहका शिक्षकको मासिक पारिश्रमिक रु ३४ हजार ७३० बाट ३८ हजार २०३ कायम गरिएको छ।

यसैगरी, इसिडी सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीका लागि सङ्घीय सरकारले उपलब्ध गराउँदै आएको पारिश्रमिक अनुदानमा मासिक रु पाँच हजार थप गरिएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयका प्रवक्ता श्रीप्रसाद भट्टराईले उल्लेखित दरमा पारिश्रमिक वृद्धिका लागि चालु आर्थिक वर्षमा रु चार अर्ब ६८ करोड ९८ लाख ३० हजार थप बजेट आवश्यक पर्ने भएकाले नेपाल सरकारको निर्णयबमोजिम सोको व्यवस्थापन अर्थ मन्त्रालयलाई सहमति माग गरिएको जानकारी दिनुभयो। उहाँले अर्थबाट हुने सहमतिपश्चात पारिश्रमिक वृद्धिको निर्णय कार्यान्वयनमा आउने बताउनुभयो।

नयाँ व्यवस्थाअनुसार (इसिडी) सहजकर्ताको मासिक पारिश्रमिक रु १२ हजारबाट १७ हजार, विद्यालय सहयोगीको रु १० हजारबाट १५ हजार र लेखा हेर्ने विद्यालय कर्मचारीको रु १५ हजारबाट २० हजार पुगेको छ।

नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष हंशबहादुर शाहीले सबै राष्ट्रसेवकका लागि बढ्ने १० प्रतिशतमा बढ्नु स्वभाविक र सकारात्मक भए पनि इसिडी सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीका लागि न्यूनतम् मासिक रु २३ हजार पारिश्रमिक पुग्नुपर्ने बताउनुभयो।

विद्यालय कर्मचारी परिषद्का अध्यक्ष गङ्गाराम तिवारीले पारिश्रमिक वृद्धिप्रति सरकारलाई धन्यवाद दिँदै आफूहरुलाई दरबन्दीमा सेवा गर्ने अवसर दिनुपर्ने माग गर्नुभयो।

# 'नेपाल-भारत सम्बन्ध थप सुदृढ बनाउन मधेस सरकार प्रतिबद्ध'

जनकपुरधाम, ४ भदौ (रासस)।

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले नेपाल-भारतबीच सदियौँदेखि कायम रहेको धार्मिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक सम्बन्धलाई अझ सुदृढ बनाउन मधेस प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

भारतको स्वतन्त्रता दिवसका अवसरमा सामाजिक विकास तथा अनुसन्धान केन्द्रद्वारा जनकपुरधाममा बिहीबार आयोजित 'नेपाल-भारत सम्बन्धको वर्तमान अवस्था' विषयक विचार

## सात हजार ...

सय वटा कुखुराको नमुना कल्चर गर्दा ७८९ नमुनामा सङ्क्रमण देखिएको छ। सङ्क्रमण देखिएकालाई कुन एन्टीबायोटिक प्रयोग गर्ने भन्ने विषयमा जानकारी सेवाग्राहीलाई दिइएको उहाँले बताउनुभयो।

कुखुराजन्य रोगको सङ्क्रमण रोक्नका लागि जैविक सुरक्षा अपनाउनुपर्ने उहाँको भनाइ छ। जैविक सुरक्षा अपनाउन नसक्दा रोगको जोखिम थपिने उहाँले बताउनुभयो।

गोष्ठीमा मुख्यमन्त्री यादवले दुई देशबीचको सम्बन्ध केवल सरकारस्तरमा सीमित नभई जनस्तरमा समेत गहिरो रहेको बताउनुभयो। नेपाल र भारतबीच धार्मिक, भाषिक, सांस्कृतिक तथा व्यापारिक सम्बन्ध रहेको र यसलाई अझ मजबुत बनाउन निरन्तर सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो।

मुख्यमन्त्री यादवले नेपाल-भारत सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउन सीमावर्ती क्षेत्रमा पूर्वाधार विकास, व्यापार, शिक्षा, स्वास्थ्य तथा पर्यटनका क्षेत्रमा सहकार्य विस्तार गर्नुपर्नेमा जोड दिनुभयो। मधेस प्रदेश भारतसँग प्रत्यक्ष सीमा जोडिएको प्रदेश भएकाले दुई देशबीचको आर्थिक तथा सामाजिक सम्बन्ध विस्तारमा प्रदेशको महत्वपूर्ण भूमिका रहेको उहाँले उल्लेख गर्नुभयो। मधेस प्रदेशको समृद्धि र विकासका लागि भारत सरकार तथा भारतीय निजी क्षेत्रसँगको सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्ने मुख्यमन्त्री यादवले बताउनुभयो। कृषि, उद्योग, व्यापार तथा पूर्वाधारका क्षेत्रमा लगानी बढाउन सके यस क्षेत्रको आर्थिक गतिविधि थप चलायमान हुने उहाँको धारणा थियो।

मुख्यमन्त्री यादवले जनकपुरधामलाई धार्मिक तथा सांस्कृतिक पर्यटनको महत्वपूर्ण केन्द्रका रूपमा विकास गर्न नेपाल र भारतबीचको साझा धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई उपयोग गर्नुपर्ने बताउनुभयो। जनकपुरधाम र भारतका विभिन्न धार्मिक तथा सांस्कृतिक क्षेत्रबीचको सम्बन्धलाई पर्यटनसँग जोडेर दुवै देशका नागरिकबीचको आवागमन र सम्पर्क बढाउन सकिने उहाँले उल्लेख गर्नुभयो। जनकपुरधाममा भारतसँगको सांस्कृतिक सहकार्यमा विभिन्न कार्यक्रम हुँदै आएका छन्।

त्यसैगरी, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा पनि दुई देशबीच सहकार्य विस्तार गर्नुपर्नेमा मुख्यमन्त्री यादवले जोड दिनुभयो। मधेस प्रदेशमा स्वास्थ्य शिक्षाको विकासका लागि आवश्यक पूर्वाधार निर्माण, दक्ष जनशक्ति उत्पादन र प्रविधिको विस्तारमा भारतलगायत विकास साझेदारको सहयोग उपयोगी हुने उहाँको भनाइ थियो।

कार्यक्रममा वीरगञ्जस्थित भारतीय वाणिज्य दूतावासका प्रमुख देवीसहाय मिनाले नेपाल स्-भारत सम्बन्धलाई पारस्परिक सम्मान, समानता र सहकार्यका आधारमा थप मजबुत बनाउन भारत सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले नेपालको भौतिक पूर्वाधार, शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा निरन्तर भारत सरकारको सहयोग रहने बताउँदै नेपालको विकास र समृद्धिमा भारत सरकारको साथ रहने बताउनुभयो।

कार्यक्रममा पूर्वमन्त्रीद्वय रामचन्द्र झा र डा सुरेन्द्र यादव, मधेस प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा भोगेन्द्र झालगायतले सीमावर्ती क्षेत्रका नागरिकका साझा समस्या समाधान, व्यापार तथा आवागमन सहजता, शिक्षा, स्वास्थ्य, पर्यटन र सांस्कृतिक आदानप्रदानलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो। कार्यक्रममा विभिन्न क्षेत्रका बुद्धिजीवी, राजनीतिकर्मी, सामाजिक अभियन्ता तथा सञ्चारकर्मीको सहभागिता रहेको थियो।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*